# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## Agriculture and Forestry University
## Office of the Registrar
Rampur, Chitwan, Nepal


च.नं./ Ref. No.:

पत्र संख्या / L.No.: मिति/Date:

मिति: २०७८/०१/१०

# सूचना

विश्वब्यापी रुपमा फैलिदै गईरहेको नयाँ भेरियन्ट सहितको कोभिड १९ को महामारी नेपालमा समेत सङ्क्रमण बढ्दै गईरहेको र सोको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०१/०६ को निर्णयवाट आदेश भए वमोजिम यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतका संकाय, कलेज, एवं निकायहरुमा तपशिल अनुसारका कार्यहरु गर्नु गराउनु हुन मिति २०७८/०१/१० गते निर्णय भएको हुंदा सम्वन्धीत सबैका लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

१ कोभिड १९ अति प्रभावित भनी नेपाल सरकारले वर्गिकरण गरेका जिल्लाहरु (काठमाडौं, ललितपुर, भक्तपुर, सुनसरी, झापा, कास्की, मकवानपुर, मोरङ्ग, जनकपुर, सप्तरी, वुटवल, रुपन्देही, चितवन, वाग्लुङ्ग, पर्सा, वाके, दाङ्ग, सूर्खेत र महेन्द्रनगरमा सैद्वान्तिक कक्षाहरु अनलाईको माध्यमवाट संचालन गर्ने । प्रयोगात्मक कक्षालाई जनस्वास्थ्यका मापदण्डहरु कडाईका साथ पालना गरी विद्यार्थीहरुको पालो मिलाई भौतिक उपस्थितीमा नै कक्षा संचालन गर्ने । बाकी जिल्लाहरुको हकमा स्थानिय निकायहरुसंग समन्वय गरी आवश्यक सुरक्षाका उपायहरु अवलम्वन गर्ने ।

२ संकाय एवं कलेजहरुका परीक्षाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

३ परीक्षा संचालनका लागि जनस्वास्थ्यका मापदण्डहरु पालना गरी आवश्यक संख्यामा शिक्षक, कर्मचारी उपस्थित गराउने ।

४ २५ जना भन्दा वढी उपस्थित हुने गरी कुनै सभा, सम्मेलन, गोष्ठी प्रत्यक्ष रुपमा नगर्ने । ७ जना भन्दा वढी प्रत्यक्ष उपस्थित भएर वैठक नगर्ने । गर्न परेमा अनलाईको माध्यमवाट मात्रगर्ने ।

५ सवै संकाय, कलेज एवं निकायहरुले स्वास्थ्य सावधानी अपनाउदै मास्क, सेनिटाईजर, र सावुनपानीको आवश्यक व्यवस्था गर्ने । मास्क प्रयोग नगर्ने कुनै पनि शिक्षक, कर्मचारी वा कुनै पनि व्यक्तिलाई कार्यालय प्रवेश गर्न नदिने । दुई व्यक्ति विचको दुरी २ मिटर कायम गर्ने ।

६ पत्रचार गर्दा विश्वविद्यालयले उपलब्ध गराएको आधिकारीक इमेल मार्फत गर्ने ।

Tel No.: +977-56-591655, +977-56-591777 Website: www.afu.edu.np Fax: +977-56-592101

७ अनलाईन कक्षा संचालनको लागि कसैको ईमेल नवनेको भए आई.टी. ईन्जिनियर पुजन वस्यालसंग सम्पर्क गर्ने ।

८ अनलाईन कक्षा संचालनको लागि टिम (Microsoft Team App, Zoom, Google G Suite) लगायतका अनलाईन शिक्षा विधि सम्वन्धी तालिम आवश्यक भएका अनलाईन सिकाई परिचालन एवं अनुगमन ईकाइमा सर्म्पक गर्ने ।

९ अनलाईनवाट कक्षा लिने शिक्षकहरुको हाजिरी प्रयोग गरिएको शिक्षण विधि Microsoft Team App, Zoom, Google G Suite को Class Room Meet आदी मार्फत सम्वन्धीत निकायको अनलाईन सिकाई ईकाइ (E-Learning Unit) ले राख्ने । तोकिएको कक्षा अनलाईनवाट नलिने शिक्षकहरुलाई मात्र संकाय, कलेज र विभागहरुमा उपस्थित भई हाजिर हुनुपर्ने व्यवस्था मिलाउने ।

१० यही २०७८/०१/१४ गते संचालन गरिने पूर्वनिर्धारित दिक्षान्त समारोह सम्वन्धी कार्यक्रम जनस्वास्थ्यका मापदण्डहरु पालना गरी संचालन गरिने छ ।

११ आंगिक एवं सम्वन्धन प्राप्त कलेजहरुले स्थानिय निकायहरुसंग समन्वय गरी शैक्षिक कार्यक्रमहरु संचालन र सुरक्षाका उपायहरु अवलम्वन गर्ने ।

रजिष्टार